## वस्तुगत प्रश्नोत्तर

**१. नेपालसँग दौत्य सम्बन्ध कायम भएको १८५ औँ राष्ट्र कुन हो ?**

✍ माइक्रोनेसिया
दौत्य सम्बन्ध कायम मिति : सन् २०२६ सेप्टेम्बर १४

- संयुक्त राष्ट्रसङ्घका लागि नेपालका स्थायी प्रतिनिधि लोकबहादुर थापा र माइक्रोनेसियाका स्थायी प्रतिनिधि राजदूत जिम एस लिपवेद्वारा संयुक्त वक्तव्यमा हस्ताक्षर भएको।
- पश्चिमी प्रशान्त महासागरमा अवस्थित यो देश फिलिपिन्सको पूर्व र पपुवा न्युगिनीको उत्तरतर्फ पर्दछ। यसको राजधानी पालिकिर हो।
- ७०२ वर्ग किलोमिटर क्षेत्रफलमा विस्तारित यस मुलुकको जनसङ्ख्या करिब एक लाख १४ हजार रहेको।

दौत्य सम्बन्ध कायम भएका पछिल्ला पाँच राष्ट्र

| कति औँ | मुलुक | मिति |
|---|---|---|
| १८५ औँ | माइक्रोनेसिया | सन् २०२६ सेप्टेम्बर १४ |
| १८४ औँ | गिनी-बिसाउ | सन् २०२६ सेप्टेम्बर १ |
| १८३ औँ | किरिबाटी | सन् २०२४ जुलाई १७ |
| १८२ औँ | टोङ्गा | सन् २०२४ मार्च १ |
| १८१ औँ | मार्सल आइल्यान्ड | सन् २०२३ जुन २३ |

**२. एसिसी मेन्स प्रिमियर कप-२०२६ को उपाधि विजेता राष्ट्र कुन हो ?**

✍ नेपाल (**उपविजेता** : संयुक्त अरब इमिरेट्स-युएई)




- नेपालले एसिसी प्रिमियर कपको फाइनलमा युएईलाई ४४ रनले हराउँदै एसिया कपका लागि छनोट भएको।
- मलेसियाको वायुमास ओभलमा नेपालले ५० ओभरमा नौ विकेट गुमाएर ३१३ रन बनाएको; जसमा आसिफ शेखले १०२ रन बनाएका।
- युएई ४९.२ ओभरमा २६९ रनमा अलआउट भएको।
- **संस्करण** : तेस्रो
- **आयोजक राष्ट्र** : मलेसिया
- **सञ्चालन मिति** : २०२६ अगस्त ३०- सेप्टेम्बर १२
- **आयोजक निकाय** : एसियाली क्रिकेट काउन्सिल
- **खेल प्रारूप** : ओडिआई (५० ओभर)
- **सहभागी टिम सङ्ख्या** : १०
- **कुल खेल सङ्ख्या** : २४
- **'प्लेयर अफ दी सिरिज'** : सन्दीप लामिछाने (नेपाल)
- **सर्वाधिक रनकर्ता** : वीरनदीप सिंह (मलेसिया)- २७३ रन
- **सर्वाधिक विकेटकर्ता** : सन्दीप लामिछाने (नेपाल) - १७ विकेट

**३. लोक सेवा आयोगको ६७ औँ वार्षिक प्रतिवेदन (आर्थिक वर्ष २०८२/८३) अनुसार सर्वाधिक दरखास्त परेका प्रमुख पाँच जिल्ला कुन कुन हुन् ?**

✍ **क्रमशः** सर्लाही, धनुषा, बारा, महोत्तरी र सप्तरी

- **न्यून दरखास्त परेका पाँच जिल्ला** : क्रमशः मनाङ, मुस्ताङ, रसुवा, रुकुमपूर्व र डोल्पा
- **सबैभन्दा बढी उम्मेदवार सिफारिस भएका जिल्ला** : क्रमशः गुल्मी, सर्लाही, धनुषा, स्याङ्जा र काठमाडौँ
- मनाङ र रसुवा जिल्लाबाट कुनै पनि उम्मेदवार सिफारिस हुन सकेनन्। सबैभन्दा कम उम्मेदवार सिफारिस भएका पाँच जिल्ला क्रमशः तेह्रथुम, दोलखा, डोल्पा, मुस्ताङ र रुकुमपूर्व रहेका।
- प्रतिवेदन अवधिमा सिफारिस भएका उम्मेदवारको औसत उमेर २८ वर्ष रहेको।
- **प्रतिवेदनको संस्करण** : ६७औँ
- **समेटिएको आव** : आव २०८२/८३
- **पेस गरिएको मिति** : विसं २०८३ भदौ २५
- **को समक्ष** : राष्ट्रपति रामचन्द्र पौडेल
- नेपालको संविधानको धारा २९४ मा प्रत्येक वर्ष लोक सेवा आयोगले आफ्नो कामकारबाही र प्रतिवेदन राष्ट्रपतिसमक्ष पेस गर्नुपर्ने प्रावधान अनुरूप यो प्रतिवेदन बुझाइएको।
- यस प्रतिवेदनमा आयोगले आव २०८२/८३ भर गरेका पदपूर्ति, परीक्षा सञ्चालन, सिफारिस, नीतिगत सुधार र अन्य प्रशासनिक गतिविधिको समष्टिगत विवरण समेटिएको।

**४. आगामी (९९ औँ) ओस्कार अवार्ड (एकेडेमी अवार्ड) का लागि नेपालबाट सिफारिस हुन सफल चलचित्र कुन हो ?**

✍ **तिनीहरू** : एलिफेन्ट्स इन दी फग

- अविनाशविक्रम शाहद्वारा निर्देशित र लिखित यस चलचित्रले जङ्गली हात्तीको आतङ्कबाट आक्रान्त बस्तीमा बसोबास गर्ने अल्पसङ्ख्यक समुदायको कथा प्रस्तुत गरेको।
- यो चलचित्रले कान्स फिल्म फेस्टिभलमा जुरी अवार्डसमेत जितेको।

**५. उदीयमान अर्थतन्त्र भएका राष्ट्रहरूको सङ्गठन ब्रिक्सको १८ औँ शिखर सम्मेलन कहिले र कहाँ सम्पन्न भएको हो ?**

✍ सन् २०२६ सेप्टेम्बर १२-१३, नयाँ दिल्ली, भारत

- विश्व अर्थतन्त्र, व्यापार, ऊर्जा सुरक्षा, समावेशी आर्थिक विकास र क्षेत्रीय द्वन्द्वमा सम्मेलन केन्द्रित रहेको।
- ब्रिक्सले विश्वको करिब ५० प्रतिशत जनसङ्ख्या, ४० प्रतिशत कुल गार्हस्थ उत्पादन र २६ प्रतिशतभन्दा बढी विश्व व्यापारको हिस्सा ओगट्ने।
- **सहभागी राष्ट्र/सरकार प्रमुख** : भारतका प्रधानमन्त्री नरेन्द्र मोदी, चिनियाँ राष्ट्रपति सी चिनफिङ, रुसी राष्ट्रपति भ्लादिमिर पुटिन, ब्राजिलका राष्ट्रपति लुइस इनासिओ लुला दा सिल्भा, इरानका राष्ट्रपति मसुद पेजेस्कियान, युएईका राष्ट्रपति मोहम्मद बिन जायद अल नाहयान, इन्डोनेसियाका राष्ट्रपति प्रबोवो सुबियान्तो, इथियोपियाका प्रधानमन्त्री अबी अहमद, इजिप्टका राष्ट्रपति अब्देल फत्ताह अल-सिसी र दक्षिण अफ्रिकाका राष्ट्रपति सिरिल रामाफोसा आदि।
- **ब्रिक्स सदस्य राष्ट्रहरू** : ११ (ब्राजिल, चीन, इजिप्ट, इथियोपिया, इन्डिया, इन्डोनेसिया, इरान, रुस, साउदी अरब, साउथ अफ्रिका र युएई)
- सन् २०२७ मा ब्रिक्सको अध्यक्षता चीनले समाल्ने छ।
- १४० अनुच्छेद समेटिएको यस घोषणापत्रले सुरक्षा परिषद् सुधार, 'डी-डलराइजेसन', आतङ्कवाद, पश्चिम एसियाको तनाव र एआई शासन जस्ता महत्त्वपूर्ण विषय समेटेको।

**६. प्रथम संस्करणको नेपाल भलिबल लिग (एनभिएल) को उपाधि कसले जित्यो ?**

✍ अन्नपूर्ण स्पाइकर किङ्ग्स (पुरस्कार राशि : रु. २० लाख)

- **उपविजेता** : कर्णाली शिवराज
- **संस्करण** : पहिलो
- **सहभागी टोली** : छ
- **खेला सञ्चालन** : विसं २०८३ भदौ १९-२७
- **ट्रफीको नाम** : दी डिएनए अफ नेपाल
- **पहिलो खेल** : सगरमाथा शमशेर र मधेश वारियर्सबिच भएको।
- **कहाँ आयोजना** : राष्ट्रिय खेलकुद परिषद्को कभर्ड हल, काठमाडौँ
- **नारा** : उचाइको नयाँ उडान (अ न्यु फ्लाइट टु ग्रेटर हाइट्स)

**नेपालमा भलिबललाई राष्ट्रिय खेल घोषणा** : विसं २०७४ जेठ ८

- हाल विश्व वरीयतामा नेपाली पुरुष भलिबल टोली ८३ औँ स्थानमा रहेको।

**७. संयुक्त राष्ट्रसङ्घीय महासभाको आयोजना कहिलेदेखि सुरु हुने प्रावधान छ ?**

✍ सेप्टेम्बर महिनाको तेस्रो मङ्गलबार

- **संस्करण** : ८१ औँ (सन् २०२६)
- **अध्यक्षता** : खालिलुर रहमान (बङ्गलादेश)
- **८१ औँ महासभाको नारा** : विश्वासको पुनर्स्थापना, **रूपान्तरणको व्यवस्थापन** : सबैका लागि कार्य गर्ने संयुक्त राष्ट्रसङ्घ
- **नेपालबाट प्रतिनिधित्व** : प्रधानमन्त्री वालेन्द्र शाह (२०८३ असोज ६ गते न्युयोर्क प्रस्थान र असोज १० गते स्वदेश फिर्ती कार्यक्रम तय)।
- **युएनओका वर्तमान महासचिव** : एन्टोनियो गुटेरेस, पोर्चुगल

**८. सरकारले शिक्षक सेवा आयोगको अध्यक्षमा कसलाई नियुक्त गर्‍यो ?**

✍ डा. हरिप्रसाद लम्साल

- **नियुक्ति मिति** : विसं २०८३ भदौ २५
- **सदस्य** : रामशरण सापकोटा
- **महिला सदस्य** : विष्णु घिमिरे रिमाल
- शिक्षा ऐनमा भएको व्यवस्था अनुसार आयोगमा एक अध्यक्ष र दुई जना सदस्य गरी जम्मा तीन सदस्यीय पदाधिकारी रहने प्रावधान रहेको।

**९. दक्षिण एसिया वन्यजीव प्रवर्तन नेटवर्क (सावेन) को महासभा पहिलो पटक कहिले र कहाँ आयोजना भएको हो ?**

✍ विसं २०८३ भदौ २५-२६ (सन् २०२६ सेप्टेम्बर १०-११), काठमाडौँ

- कृषि, वन तथा पर्यावरण मन्त्रालयको नेतृत्वमा नेपालमा पहिलो पटक आयोजना गरिएको।
- दक्षिण एसियाली मुलुकका वन्यजन्तु अपराध नियन्त्रण तथा संरक्षणसँग सम्बन्धित उच्च अधिकारी तथा प्रतिनिधिको सहभागिता रहेको।
- वन्यजन्तु तथा वनस्पतिको अवैध ओसारपसार नियन्त्रण, सीमा क्षेत्रमा हुने अपराध न्यूनीकरण र क्षेत्रीय सहकार्यलाई प्रभावकारी बनाउने विषयमा केन्द्रित।

**१०. राष्ट्रिय बालदिवस कहिले मनाउने गरिन्छ ?**

✍ भदौ २९

- विसं २०८३ को नारा : बालापनको रक्षा : भविष्यको सुरक्षा।
- यस दिवसको मुख्य उद्देश्य बालमैत्री वातावरणमा बालअधिकार प्रवर्धन गर्न नागरिक समाज तथा सरोकारवालालाई थप जिम्मेवार र जवाफदेही बनाउनु हो।

**११. सेवाग्राहीलाई लक्षित गर्दै ग्रिन टोकन प्रणाली सुरुवात गर्ने जिल्ला प्रशासन कार्यालय कुन हो ?**

✍ काभ्रेपलाञ्चोक

- **सुरुवात** : विसं २०८३ भदौ २२
- **उद्देश्य** : लामो समयसम्म लाइनमा बस्न वा कुर्न नसक्ने विशेष वर्गका सेवाग्राहीलाई पहिलो प्राथमिकतामा राखेर छिटो र सहज रूपमा सेवा प्रदान गर्नु।
- **प्रक्रिया** : सेवा लिन आउने लक्षित व्यक्तिले कार्यालयको सोधपुछ (दर्ता चलानी) शाखामा पुगेर हरियो रङको टोकन लिनुपर्ने र सोही आधारमा सेवा प्रदान गरिने।

**१२. अन्तर्राष्ट्रिय साक्षरता दिवस कहिले मनाउने गरिन्छ ?**

✍ सेप्टेम्बर ८

- सन् २०२६ (६० औँ) को नारा : लिट्रेसी फर पिपुल, दी प्लानेट एन्ड प्रोस्पेरिटी
- (जनता, ग्रह र समृद्धिका लागि साक्षरता)
- सन् २०२६ को मुख्य विश्वव्यापी समारोह युनेस्कोको अगुवाइमा मेक्सिकोमा आयोजना गरिएको।
- युनेस्कोले सन् १९६६ मा यो दिवस मनाउने निर्णय गरेको।
- विश्वभर पहिलो पटक सन् १९६७ सेप्टेम्बर ८ मा यो दिवस मनाइएको।

**१३. इन्डस्ट्रियल एन्ड बिजिनेस लिडरसिप एक्सिलेन्स अवार्ड-२०२६ बाट सम्मानित हुने उद्यमशील व्यक्तित्व को हुन् ?**

✍ भीमप्रसाद घिमिरे

- कोशी प्रदेशमा उद्योग-व्यवसायको विकास, रोजगारी सिर्जना, उद्यमशीलता प्रवर्धन, संस्थागत नेतृत्व तथा सामाजिक सेवामा पुर्‍याएको योगदानको कदर गर्दै घिमिरेलाई उक्त सम्मान प्रदान गरिएको।

**१४. १६ औँ योजनाले योजनाको अन्त्यसम्म विद्युत्जडित क्षमता कति प्रतिशत पुर्‍याउने लक्ष्य लिएको छ ?**

✍ ११,७६९ मेगावाट

**१५. जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय संरचना महासन्धिका पक्ष राष्ट्रको ३१ औँ सम्मेलन 'कोप-३१' कहिले र कहाँ हुने भएको छ ?**

✍ सन् २०२६ नोभेम्बर ९-२०, अन्ताल्या, टर्किए

- जलवायु परिवर्तनसम्बन्धी पछिल्ला सम्मेलन
- कोप २७ - सन् २०२२ नोभेम्बर ६-१८, सार्म एल शेख (इजिप्ट)
- कोप २८ - सन् २०२३ नोभेम्बर ३०-डिसेम्बर १२, युएई
- कोप २९ - सन् २०२४ नोभेम्बर ११-१२, बाकु, अजरबैजान
- कोप ३० - सन् २०२५ नोभेम्बर १०-२१, बेलेम, ब्राजिल

**१६. आसियानको सबैभन्दा कान्छो सदस्य राष्ट्र कुन हो ?**

✍ पूर्वी टिमोर (सदस्य बनेको : सन् २०२५ अक्टोबर २६)

**१७. आर्थिक सर्वेक्षण २०८२/८३ अनुसार नेपालमा पर्यटकको सरदर बसाइ अवधि कति रहेको छ ?**

✍ १६.३४ दिन (गत वर्ष १३.३० दिन रहेको)

**१८. नेपाल प्रिमियर लिग (एनपिएल) को तृतीय संस्करण कहिले आयोजना हुने भएको छ ?**

✍ वि.सं. २०८३ कात्तिक ९ - मङ्सिर ५

**प्रस्तुतकर्ता : टङ्क केसी**

## विषयगत प्रश्नोत्तर

# निजामतीमा सेवा विशिष्टीकरण




**१. निजामती सेवा अन्तर्गत विभिन्न सेवा, समूह र उपसमूहको व्यवस्था गर्नुपर्नाका कारण उल्लेख गर्दै निजामती सेवा ऐन, २०४९ बमोजिम निजामती सेवा अन्तर्गत रहने सेवाको सूची तयार गर्नुहोस्। साथै विशिष्ट श्रेणीसम्म सेवा विशिष्टीकरण गर्ने प्रयोजनका लागि तयार गरिएको सेवा समूहीकरण (क्लस्टर) ढाँचासमेत प्रस्तुत गर्नुहोस्।**

✍ निजामती सेवा नेपालको सार्वजनिक प्रशासनको आधारस्तम्भ हो। यसले सरकारका विभिन्न निकायको कार्य प्रकृति अनुसार प्राविधिक, प्रशासनिक तथा विशेषज्ञ जनशक्ति उपलब्ध गराउँछ। यसले सरकारका नीति, योजना र कार्यक्रम कार्यान्वयन गरी नागरिकका लागि नियमित, आकस्मिक र विकासात्मक सेवा प्रवाह गर्नुका साथै प्रभावकारी नियमनको माध्यमबाट कानुनको परिपालनास्तर अभिवृद्धिमा समेत भूमिका निर्वाह गर्छ। आफूमा रहेको विशेषज्ञता, विशिष्ट सिप र अनुभवलाई उपयोग गर्दै आधुनिक शासन र प्रशासनले सामना गर्नु परेका बहुआयामिक र जटिल समस्याको समाधान गर्नसमेत पहल गर्छ।

**निजामती सेवामा विभिन्न सेवा, समूह वा उपसमूहको व्यवस्था गर्नुपर्नाका कारण :**

- सेवाभित्र कार्यक्षेत्र र जिम्मेवारी स्पष्ट गर्न,
- निजामती सेवालाई विशिष्टीकृत, कार्यकुशल र प्रभावकारी बनाउन,
- सार्वजनिक सेवा प्रवाह र नीति निर्माणका लागि राज्यलाई आवश्यक पर्ने विभिन्न विधा र क्षेत्रका जनशक्तिलाई सरकारी सेवामा भित्र्याउन,
- मुलुकभित्र उपलब्ध मेधावी र दक्ष जनशक्तिलाई सरकारी सेवामा आकर्षित गरी परिचालन गर्न,
- सही कामका लागि सही व्यक्ति छनोट गरी उपयुक्त जिम्मेवारी प्रदान गर्न,
- कर्मचारीको वृत्तिविकास तथा पेसागत स्थायित्वलाई व्यवस्थित गर्न,
- व्यक्तिको शैक्षिक योग्यता, दक्षता, क्षमता र रुचि तथा राज्यको आवश्यकताबिच तालमेल मिलाउन,
- निजामती सेवामा व्यावसायिकता र विशेषज्ञताको विकास गर्न।

**निजामती सेवा अन्तर्गत गठन हुने सेवा :**

**निजामती सेवा ऐन, २०४९ बमोजिम निजामती सेवामा देहायका सेवा रहेका छन्। यी सेवा अन्तर्गत विभिन्न समूह र उपसमूह रहन सक्छन् :**

- नेपाल आर्थिक योजना तथा तथ्याङ्क सेवा,
- नेपाल इन्जिनियरिङ सेवा,
- नेपाल कृषि सेवा,
- नेपाल न्याय सेवा,
- नेपाल परराष्ट्र सेवा,
- नेपाल प्रशासन सेवा,
- नेपाल लेखापरीक्षण सेवा,
- नेपाल वन सेवा,
- नेपाल विविध सेवा,
- नेपाल शिक्षा सेवा।

**सेवा समूहीकरण (क्लस्टर) ढाँचा :**

**निजामती सेवामा १० प्रकारका सेवा रहन सक्ने भए पनि राजपत्राङ्कित विशिष्ट श्रेणीसम्म नै सेवा विशिष्टीकरण गर्ने प्रयोजनका लागि देहायबमोजिम सेवा समूहीकरण गरिएको छ :**

क) नेपाल इन्जिनियरिङ सेवा,
ख) नेपाल कृषि तथा वन सेवा,
ग) नेपाल न्याय सेवा,
घ) नेपाल परराष्ट्र सेवा,
ङ) नेपाल प्रशासन सेवा र
च) नेपाल लेखा परीक्षण सेवा।

- अन्त्यमा राज्यले नागरिकलाई प्रदान गर्ने सेवालाई गुणस्तरीय, भरपर्दो र विश्वसनीय बनाउन सरकारसँग विशेषज्ञ, विशिष्ट सिपयुक्त र अनुभवी जनशक्तिको आवश्यकता पर्छ। निजामती सेवामा विशिष्ट सिपयुक्त जनशक्ति विकास गर्न र सेवामा टिकाइराख्न सेवा, समूह र उपसमूहसम्बन्धी व्यवस्थालाई स्थायित्व दिनुपर्ने देखिन्छ। निजामती सेवामा सेवा, समूह वा उपसमूहको स्थायित्व कर्मचारीको वृत्ति विकास र पेसाको सुनिश्चितसँग पनि जोडिएको हुन्छ। सेवा, समूह वा उपसमूह खारेजी वा एकीकृत गर्दा यी र यस्तै कुरामा नीति निर्माता र निर्णयकर्ताको ध्यान जान आवश्यक देखिन्छ।

**२. तथ्याङ्क ऐन, २०७९ मा उल्लेख भएबमोजिम राष्ट्रिय तथ्याङ्क कार्यालयका काम, कर्तव्य र अधिकार सङ्क्षिप्तमा उल्लेख गर्नुहोस्।**

✍ तथ्याङ्क ऐन, २०७९ ले नेपालमा तथ्याङ्कसम्बन्धी काम गर्ने केन्द्रीय निकायका रूपमा रहने गरी राष्ट्रिय तथ्याङ्क कार्यालय स्थापना गर्ने व्यवस्था गरेको छ। यो कार्यालय प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमातहत रही कार्यसम्पादन गर्दछ। कार्यालयको प्रशासकीय प्रमुखका रूपमा सङ्घीय निजामती सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीको एक प्रमुख तथ्याङ्क अधिकारी रहने प्रावधान छ। यस कार्यालयका काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने भनी ऐनमा उल्लेख गरिएको छ :

**राष्ट्रिय तथ्याङ्क कार्यालयका काम, कर्तव्य र अधिकार :**

- तथ्याङ्कसम्बन्धी नीति, योजना तथा रणनीतिको मसौदा तयार गरी राष्ट्रिय तथ्याङ्क परिषद्मा पेस गर्ने,
- राष्ट्रिय तथ्याङ्क प्रणालीको विकास, व्यवस्थापन, प्रवर्धन तथा अन्तरनिकाय समन्वय गर्ने,
- तथ्याङ्क सङ्कलनका लागि गणना, सर्वेक्षण तथा क्षेत्रगत तथ्याङ्कसम्बन्धी कार्यसञ्चालन कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने,
- योजना तर्जुमा तथा नीति निर्धारणका लागि सङ्घ, प्रदेश र स्थानीय तहलाई आवश्यक तथ्याङ्क उपलब्ध गराउने,
- तथ्याङ्कको स्तर निर्धारण तथा प्रमाणीकरणसम्बन्धी कार्य गर्ने,
- तथ्याङ्कसम्बन्धी अभिलेखको सुरक्षा गर्ने,
- तथ्याङ्कसम्बन्धी विवरणको प्रकाशन तथा वितरणको व्यवस्था गर्ने,
- केन्द्रीय तथ्याङ्क -डाटा) बैङ्कका रूपमा कार्य गर्ने,
- प्रदेश तथा स्थानीय तहबाट प्राप्त तथ्याङ्कलाई राष्ट्रिय तथ्याङ्क प्रणालीमा आबद्ध गर्ने,
- प्रदेश तथा स्थानीय तहको तथ्याङ्क प्रणाली विकासमा सहयोग गर्ने,
- प्रचलित कानुनबमोजिम तथ्याङ्कसम्बन्धी काम गर्ने निकायको क्षमता अभिवृद्धिमा सहयोग गर्ने,
- तथ्याङ्क सङ्कलनसम्बन्धी विषयको परीक्षण, अनुगमन, निरीक्षण तथा सुपरीवेक्षण गर्ने,
- तथ्याङ्कसम्बन्धी अध्ययन, अनुसन्धान तथा प्रशिक्षण गर्ने,
- नेपाल सरकार वा आयोगले माग गरेका तथ्याङ्क विवरण वा सूचना उपलब्ध गराउने।
- अन्त्यमा सरकारका नीति र योजनाको आधारस्तम्भ तथ्याङ्क हो। नेपालमा तथ्याङ्कसम्बन्धी कार्य गर्ने केन्द्रीय निकायका रूपमा राष्ट्रिय तथ्याङ्क कार्यालय स्थापना गरिएको छ। यसले राष्ट्रिय तथ्याङ्क प्रणालीको विकास, समन्वय, तथ्याङ्क सङ्कलन, प्रमाणीकरण, अभिलेख संरक्षण, प्रकाशन तथा वितरण, डाटा बैङ्क सञ्चालन र सङ्घ, प्रदेश तथा स्थानीय तहलाई आवश्यक तथ्याङ्क उपलब्ध गराउनेलगायतका मुख्य जिम्मेवारी निर्वाह गर्दछ। तथ्याङ्कसम्बन्धी अध्ययन, अनुसन्धान, प्रशिक्षण, अनुगमन तथा क्षमता अभिवृद्धिमार्फत नेपालको तथ्याङ्क प्रणालीलाई व्यवस्थित र विश्वसनीय बनाउनसमेत यस कार्यालयको भूमिका रहँदै आएको छ। तहगत समन्वयलाई थप प्रभावकारी बनाउँदै प्रदेश र स्थानीय तहमा सुदृढ तथ्याङ्क प्रणाली विकास गर्न आवश्यक देखिएको छ।

**३. भूउपयोग योजनाको महत्त्व उल्लेख गर्दै नेपालमा भूमिको व्यवस्थित उपयोग सुनिश्चित गर्न स्थानीय तहको भूमिका उल्लेख गर्नुहोस्।**

✍ भूमिको प्रभावकारी व्यवस्थापन गरी दिगो लाभ लिन तयार गरिएको भूमि उपयोगसम्बन्धी दीर्घकालीन योजनालाई भूउपयोग योजना भनिन्छ। भूउपयोग योजना निर्माण गर्दा भूमिको वस्तुस्थिति, जनसङ्ख्या वृद्धिदर, खाद्य तथा आवासको आवश्यकता, आर्थिक तथा पूर्वाधार विकासका लागि भूमिको मागमा हुने वृद्धिलगायतका विषयको गहन अध्ययन गरिन्छ। कस्तो भूमि कुन कामका लागि प्रयोग गर्दा भूमिले अधिकतम लाभ सिर्जना गर्न सक्छ भन्ने कुरा भूउपयोग योजनाले स्पष्ट पार्छ।

**भूउपयोग योजनाको महत्त्व :**

- भूमिको उपयोगलाई व्यवस्थित बनाउन,
- भूमिको खण्डीकरण नियन्त्रण गरी उत्पादनशील क्षमता बचाई राख्न,
- कृषियोग्य भूमिको संरक्षण र उत्पादन वृद्धि गरी खाद्य सङ्कटको जोखिम न्यूनीकरण गर्न,
- अव्यवस्थित बसोबास र अनियन्त्रित सहरीकरण नियन्त्रण गर्न,
- राज्यका लागि आवश्यक पर्ने आधारभूत पूर्वाधार विकासका लागि भूमिको उपलब्धता सुनिश्चित गर्न,
- पृथ्वीको धान्न सक्ने क्षमता अनुसार भूमिको समुचित उपयोगमा ध्यान दिन,
- विकास र वातावरणबिच सन्तुलन कायम गर्न,
- विपत् जोखिम न्यूनीकरणका लागि विपत् संवेदनशील भूउपयोग योजनासम्बन्धी विषयमा जोड दिन,
- सार्वजनिक उपयोगको क्षेत्रमा हुन सक्ने अतिक्रमण नियन्त्रण गर्न।

**भूमिको व्यवस्थित उपयोग सुनिश्चित गर्न स्थानीय तहको भूमिका :**

- नेपालको संविधानले भूउपयोग नीति सङ्घको एकल अधिकारको सूची अन्तर्गत उल्लेख गरे पनि भूमि उपयोगको विषय बहुआयामिक र अन्तरसम्बन्धित भएकाले स्थानीय तहहरूले समेत सङ्घीय एवं प्रादेशिक नीति तथा योजनाको अधीनमा रही स्थानीय भूउपयोग योजना तर्जुमा गरी कार्यान्वयन गर्न सक्ने कानुनी व्यवस्था रहेको छ। भूमिको व्यवस्थित उपयोग सुनिश्चित गर्न स्थानीय तहको भूमिका देहायबमोजिम रहन्छ :
- स्थानीय तहमा भूउपयोग योजना तयार गर्ने,
- भूउपयोग योजना कार्यान्वयनका लागि मापदण्ड र प्रक्रिया निर्धारण गर्ने, आवश्यकता अनुसार भूउपयोग उपक्षेत्रहरू वर्गीकरण गर्ने,
- भूउपयोग क्षेत्र वर्गीकरणको सूचना आमसर्वसाधारणको पहुँचमा पुर्‍याउन प्रचारप्रसार गर्ने, भूमिसम्बन्धी लगत सङ्कलन, विश्लेषण र उपयोग गर्ने,
- आफ्नो क्षेत्रभित्रको भूउपयोग नक्सा अद्यावधिक गर्ने,
- भूउपयोग योजना कार्यान्वयनको अनुगमन गर्ने,
- भूउपयोग क्षेत्र परिवर्तन गर्नुपर्ने अवस्था आएमा स्पष्ट आधार र कारणसहित सिफारिस गर्ने,
- भूउपयोग योजनामा तोकिएको भन्दा फरक ढङ्गले भूमिको उपयोग गरेमा कारबाही गर्ने,
- भूउपयोगमा उल्लेखनीय योगदान गर्ने व्यक्ति, परिवार वा संस्थालाई पुरस्कृत र प्रोत्साहित गर्ने,
- भूमिको संरक्षण र दिगो उपयोगका लागि सचेतना अभिवृद्धि गर्ने,
- कृषियोग्य जमिन बाँझो नराख्न अभिप्रेरित गर्ने,
- आफ्नो तहको भूउपयोगसम्बन्धी नीति तर्जुमा गर्ने,
- भूउपयोगसम्बन्धी सङ्घीय र प्रादेशिक नीतिको कार्यान्वयन गर्ने/गराउने।
- अन्त्यमा भूउपयोग योजनाको मुख्य उद्देश्य नै भूमिको सीमित उपलब्धता र बढ्दो मागबिच तालमेल मिलाउँदै भूमिको समुचित उपयोग वृद्धि गर्नु रहेको छ। स्थानीय तहहरूले सङ्घीय र प्रादेशिक भूउपयोग योजना प्रतिकूल नहुने गरी स्थानीय भूउपयोग योजना तर्जुमा गरी कार्यान्वयन गर्न सक्ने कानुनी व्यवस्था रहेको छ। भूमिको सही उपयोग हुन नसक्दा विपत् जोखिम बढ्दै गएको देखिन्छ। भूउपयोग योजना निर्माण र कार्यान्वयनमा स्थानीय तहहरूको सक्रियताको अपेक्षा गरिएको छ।

**४. नेपालको संविधानमा व्यवस्था भएबमोजिम उच्च अदालतको क्षेत्राधिकार उल्लेख गर्नुहोस्।**

✍ नेपालको संविधानले सर्वोच्च अदालतको मातहतमा रहने गरी प्रत्येक प्रदेशमा एक उच्च अदालत रहने व्यवस्था गरेको छ। नेपालको संविधानको धारा १४४ मा उल्लेख भएबमोजिम उच्च अदालतको क्षेत्राधिकार निम्नबमोजिम रहेको छ :

**क) आदेश जारी गर्ने अधिकार**

- देहायको अवस्थामा उच्च अदालतले बन्दी प्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण, प्रतिषेध, अधिकार पृच्छालगायत जुनसुकै उपयुक्त आदेश जारी गर्न सक्छ :
- संविधानद्वारा प्रदत्त मौलिक हकको प्रचलनका लागि वा, अर्को उपचारको व्यवस्था नभएको वा अर्को उपचारको व्यवस्था भए पनि सो उपचार अपर्याप्त वा प्रभावहीन देखिएको अन्य कुनै कानुनी हकको प्रचलनका लागि वा,
- सार्वजनिक हक वा सरोकारको कुनै विवादमा समावेश भएको कुनै कानुनी प्रश्नको निरूपणका लागि,

ख) सङ्घीय कानुनबमोजिम सुरु मुद्दा हेर्ने, पुनरावेदन सुन्ने र साधक जाँच्ने अधिकार हुने,

ग) उच्च अदालतको अन्य अधिकार तथा कार्यविधि सङ्घीय कानुनबमोजिम हुने।

- अन्त्यमा उच्च अदालतको अधिकार क्षेत्र र अन्य न्याय प्रशासनसम्बन्धी विषय उच्च अदालत नियमावली, २०७३ मा उल्लेख गरिएको छ। उच्च अदालतले एकल इजलास, संयुक्त इजलास वा तेस्रो न्यायाधीशको इजलास आदिका माध्यमबाट आफ्नो क्षेत्राधिकारको प्रयोग गर्छ।

**५. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ का उद्देश्य के के हुन् ? साथै यस ऐनको प्रमुख विशेषता उल्लेख गर्नुहोस्।**

✍ नेपालको संविधानले नेपालको सङ्घीय संरचना सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने उल्लेख गरेको छ। स्थानीय शासनका विविध मामिला व्यवस्थापनको जिम्मेवारी स्थानीय तहलाई प्रदान गरिएको छ। स्थानीय तह जनताको निकटमा रहेका सरकार हुन्। स्थानीय तहलाई संविधानप्रदत्त अधिकार कार्यान्वयन गर्न सङ्घीय संसद्बाट स्थानीय सरकार सञ्चालन ऐन, २०७४ जारी भएको छ। यस ऐनका उद्देश्य र प्रमुख विशेषता यसप्रकार छन् :

**क) ऐनका उद्देश्य**

- नेपालको संविधानबमोजिम स्थानीय तहको अधिकारसम्बन्धी प्रावधान कार्यान्वयन गर्न,
- सङ्घ, प्रदेश र स्थानीय तहबिचको सहकारिता, सहअस्तित्व र समन्वयमूलक सम्बन्धलाई प्रवर्धन गर्न,
- स्थानीय तहमा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्न,
- लोकतन्त्रका लाभको समानुपातिक र न्यायोचित रूपमा वितरण गर्न,
- कानुनी राज्य र दिगो विकासको अवधारणा अनुरूप समाजवाद उन्मुख सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई स्थानीय तहदेखि नै सुदृढीकरण गर्न,
- स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गर्न,
- स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्नका निमित्त स्थानीय सरकारको सञ्चालन गर्न,

**ख) ऐनका प्रमुख विशेषता**

- स्थानीय शासन सञ्चालनका लागि विशेष कानुनको रूपमा रहेको,
- कार्यविस्तृतीकरण प्रतिवेदनले विस्तृत गरेका अधिकारलाई कानुनी आधार प्रदान गरी गाउँपालिका र नगरपालिकाका जिम्मेवारी स्पष्ट गरेको,
- स्थानीय तहका शासकीय संरचनाको कार्यसम्पादन पद्धति स्पष्ट पारेको,
- स्थानीय तहको आर्थिक कार्यप्रणाली व्यवस्थित गरेको,
- स्थानीय तहको योजना प्रणाली व्यवस्थित गरेको,
- स्थानीय तहको वित्तीय क्षेत्राधिकार स्पष्ट पारेको,
- न्यायिक समितिको क्षेत्राधिकार र न्याय सम्पादन प्रक्रिया स्पष्ट पारेको,
- स्थानीय शासनलाई समावेशी र सहभागितामूलक बनाउन स्थानीय तहहरूलाई निर्देशित गरेको,
- स्थानीय तहको प्रशासनिक संरचनाबारे दिशानिर्देश गरेको,
- स्थानीय तहको वित्तीय प्रतिवेदन, आन्तरिक नियन्त्रण, वित्तीय अनुशासन, बेरुजु न्यूनीकरणलगायत वित्तीय जोखिम न्यूनीकरणका लागि स्पष्ट निर्देशन गरेको,
- भवन तथा सडकसम्बन्धी मापदण्डको पालना गर्न गराउन स्थानीय तहहरूलाई जिम्मेवार बनाएको,
- स्थानीय तहहरूबिचको समन्वय र सहकार्य प्रवर्धन गरेको,
- स्थानीय तहको सामाजिक जवाफदेहिता, उत्तरदायित्व र पारदर्शिता प्रवर्धनमा जोड दिएको।
- अन्त्यमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहलाई चलायमान बनाई सङ्घीयता कार्यान्वयन गर्न महत्त्वपूर्ण योगदान गरेको छ। यसले स्थानीय शासन सञ्चालन, स्थानीय तहको जिम्मेवारी र सेवा प्रवाहलाई व्यवस्थित गर्न मुख्य कानुनी आधार तयार गरेको छ। विकेन्द्रीकरण र स्थानीय स्वायत्त शासनको अभ्यासमा स्थानीय तहहरूको समक्षमता विकास गर्न ऐनले व्यवस्था गरेको नीतिगत तथा कार्यविधिगत विषय महत्त्वपूर्ण रहेका छन्। ऐनमा उल्लिखित प्रावधान कार्यान्वयनमा जिम्मेवार र जवाफदेही बन्न सकिएमा यसका उद्देश्य सहजै हासिल गर्न सकिन्छ।

**प्रस्तुतकर्ता : अर्जुन शर्मा**